नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

फोन { ४२००५०५ ४२००२९९ ४२००३०६

फ्याक्स नं.: ४२००३२२

पत्र संख्याः-

चलानी नं.:-

## प्रेस विज्ञप्ति !

प्रत्येक दश/दश वर्षमा हुने राष्ट्रिय जनगणना यहि मिति २०७८ साल भाद्र ३० गते देखि शुरु भएको सर्वविदितै छ । उक्त कार्यलाई प्रभावकारी रुपमा तोकिएको समय भित्रै सम्पन्न गर्नु हामी सबैको दायित्व रहेको छ । यसै सन्दर्भमा राष्ट्रिय योजना आयोगको मिति २०७८।०६।०१ को पत्रबाट स्थानीय तहमा कार्यरत रहेका तथा जनगणना कार्यका लागि काजमा खटिएका सम्पूर्ण कर्मचारीहरुलाई राष्ट्रिय जनगणनाको अवधिभर हाल कार्यरत रहेको स्थान/निकायमा नै रहने व्यवस्था मिलाउन लेखी आए बमोजिम यस मन्त्रालयको मिति २०७८।०६।०१ मा प्रकासित सूचना बमोजिम उल्लिखित कर्मचारीहरुको सरुवा/काज सम्बन्धि कार्य जनगणना अवधिभरका लागि स्थगन गरिएको व्यहोरा अवगत नै छ । साथै सरुवा प्रयोजनका लागि मन्त्रालयमा अनलाइन सरुवा प्रणाली सञ्चालनमा रहेकोले सो माध्यममार्फत निवेदन पठाउन सकिने व्यवस्था समेत रहेको छ ।

यसरी राष्ट्रिय जनगणना सफल पार्ने कार्यका लागि सरुवा/काज सम्बन्धि कार्य स्थगन गरिएको समयमा समेत यस मन्त्रालयमा मुख्यतः सरुवा/काज लगायतका कार्यका लागि सम्बन्धित कर्मचारीहरुको आउने-जाने क्रममा कमि नभई भिडभाड बढि देखिएकोले सम्बन्धित प्रदेश तथा स्थानीय तहमा कार्यरत कर्मचारीले नियमानुसार कार्यालयमा बिदा स्वीकृत गरी/गराई अत्यावश्यक कामको लागि मात्र कार्यालय छोड्ने तथा सोहि बमोजिम आवश्यक व्यवस्था गर्नु/गराउनुहुन सरोकारवालाहरुको जानकारीका अनुरोध गरिन्छ ।

मितिः २०७८।०६।१०

२०७८।६।१०

(राजीव पोखरेल)

सहसचिव